# सम्मरीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फरेना, रूपन्देही
## लुम्बिनी प्रदेश, नेपाल

# बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८।१२।०८**

यस कार्यालयबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तपसिलमा उल्लेखित योजनाको निर्माण कार्य गराउनु पर्ने भएकोले इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही रीतपूर्वकको सिलबन्दी बोलपत्र आव्हान गरिन्छ।

**शर्तहरू:-**

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसीदका साथ नविकरण भएको इजाजत पत्र, मुल्य अभिबृद्धि.कर दर्ता प्रमाण पत्र र अघिल्लो आ.ब. ०७७/०७८ को कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन (२०७९/०१/०७) को कार्यालय समय सम्म प्रविधिक। आर्थिक। प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ।

२. यस कार्यालयबाट खरिद गरेको बोलपत्र फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी ३१ औं दिन (२०७९/०१/०८) १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्य गर्न बाधा पर्ने छैन।

३. सिलबन्दी बोलपत्रसाथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम सम्मरीमाई गाउँपालिका कार्यालयको नाममा रहेको नबिल बैंक सम्मरीमाई स्थित धरौटी खाता नं ७१०१०१७५०००८९ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने. रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा बोलपत्रको हकमा १२० (एक सय बीस) दिन म्याद भएको (**निर्माण कार्यको विवरण र ठेक्का नम्बर समेत उल्लेख भएको**) शर्त रहित बिडबण्ड संलग्न हुनु पर्नेछ।

४. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ। दररेट सच्याउनु पर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत भएको हुनु पर्ने छ। समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन।

५. बोलपत्रको मान्य अवधि (Bid Validity period) ९०(नब्बे) दिनको हुनेछ।

६. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरू र स्थानीय स्तरमा तिर्नु पर्ने सबै प्रकारका करहरू दर रेटमा समावेश भएको मानिने छ।

७. बोलपत्रदाताले निर्माण स्थल र निर्माण सामग्रीको उपलब्धता समेत राम्ररी बुझी दररेट भरेको मानिने छ।

८. बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सोको भोलिपल्ट दर्ता गर्न सकिने छ।

९. बोलपत्रको डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन।

१०. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रूपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ।

११. बोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकका दर रेट अंक र अक्षरमा उल्लेख गर्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

१२. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

**तपसिल**

| सि. नं. | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम (मु.अ.कर, बाहेक) रु. | बोलपत्र जमानत रु. | बोलपत्र/दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | २३/SRM/NCB/०७८।०७९ | अधुरो कालोपत्रे सडक निर्माण, गुलरिया (वडा नं ३) | २१६१७२७।.८४ | ६२५००।०० | ३०००।०० |

**प्रमुख प्रशासकिय अधिकृत**

Scanned with CamScanner